# धार्चे गाउँपालिकाको छात्रवृत्ति वितरण कार्यविधि, २०८१

प्रमाणिकरण मितिः २०८१।०३।०२

**प्रस्तावना :**

धार्चे गाउँपालिकामा प्राविधिक जनशक्ति तथा विशेषज्ञ उत्पादन गर्ने र पढाइमा जेहेन्दार तथा मेहनती तर आर्थिक अवस्था कमजोर भएका कारण प्राविधिक शिक्षा प्राप्त गर्नबाट वञ्चित गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्य र प्रदान गरिने छात्रवृत्ति रकम लक्षित वर्गसम्म व्यवस्थित एवम् पारदर्शी तरिकाबाट वितरण गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम **"धार्चे गाउँपालिकाको छात्रवृत्ति वितरण कार्यविधि, २०८१"** रहेको छ ।

ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा :**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**,

क) **"अध्यक्ष"** भन्नाले धार्चे गाउँपालिका अध्यक्ष सम्झनुपर्छ ।

ख) **"गाउँपालिका"** भन्नाले धार्चे गाउँपालिका सम्झनुपर्छ ।

ग) **"छात्रवृत्ति"** भन्नाले प्राविधिक विषयतर्फ डिप्लोमा वा सो भन्दा माथिको तह, विज्ञान संकाय, शिक्षा संकाय तर्फको स्नातक तहमा भर्ना भई अध्ययनरत जेहेन्दार, आर्थिक रुपले विपन्न विद्यार्थीलाई शैक्षिक शुल्क भुक्तानी गर्ने प्रयोजनका लागि उपलब्ध गराइने नगद सहायता रकम सम्झनु पर्छ ।

घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको अख्तियारी प्राप्त कर्मचारी सम्झनु पर्छ ।

ङ) **"शिक्षा शाखा प्रमुख"** भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख तोकिएको कर्मचारी सम्झनु पर्छ ।

च) **"समिति"** भन्नाले यस कार्यविधिको दफा ६ बमोजिम गठित समिति सम्झनुपर्नेछ ।

**३. कार्यविधिको उद्देश्य :**

क) छात्रवृत्ति वितरणको लागि पारदर्शी र स्पष्ट आधारहरु तयार पार्ने ।

ख) छात्रवृत्ति रकम लक्षित वर्गसम्म पुर्‍याउने ।

ग) अध्यक्ष स्तरको निर्णय कार्यान्वयन गर्ने ।

**४. छात्रवृत्ति प्रदान गरिने विषयगत क्षेत्रहरु :**

क) यो कार्यविधि अन्तर्गत छात्रवृत्ति प्रदान गर्न सकिने विषयगत क्षेत्रहरु प्राविधिक शिक्षा तर्फको प्रविणता प्रमाणपत्र तह (डिप्लोमा) र स्नातक तह, विज्ञान संकाय, शिक्षा संकाय तर्फको स्नातक तहका निम्न विषयहरु हुनेछन् ।

१) चिकित्सा शास्त्रका विषयहरु
२) कृषि विज्ञानका विषयहरु
३) वन विज्ञानका विषयहरु
४) इन्जिनियरिङका विषयहरु
५) विज्ञान
६) शिक्षा संकाय स्नातक तहका विषयहरु
i) विज्ञान
ii) गणित
iii) अंग्रेजी

ख) छात्रवृत्ति प्रदान गर्नको लागि उपदफा (क) मा उल्लेख भएभन्दा अन्य विषयको पहिचान भएमा वा अन्य वियषमा छात्रवृत्ति प्रदान गर्न उपयुक्त देखिएमा छात्रवृत्ति छनौट तथा सिफारिस समितिले निर्णय गरी छात्रवृत्ति प्रदान गर्न सिफारिस गर्न सक्नेछ । तर छात्रवृत्ति प्रदान गरिने क्षेत्र प्राविधिक विषय हुनुपर्नेछ ।

ग) यस कार्यविधी बमोजिम छात्रवृत्ति प्रदान गर्दा प्राविधिक शिक्षा तर्फ डिप्लोमा तह र स्नातक तह र शिक्षा संकाय तर्फ स्नातक तहमा कम्तीमा दोस्रो वर्ष (तह) देखि माथि अध्ययन गरिरहेको तोकिएको विषयहरुका लागि मात्र छात्रवृत्ति प्रदान गर्न सकिने छ ।

घ) गाउँपालिकाले बजेट विनियोजन गर्ने क्रममा नै छात्रवृत्ति प्रदान गर्ने क्षेत्र वा विषय किटान गरी बजेट विनियोजन गरेको खण्डमा सोही बमोजिमका विषयमा मात्र छात्रवृत्ति प्रदान गरिनेछ ।

ङ) माथिको उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए पनि यस स्थानीय तहमा प्राविधिक धारको विद्यालय वा शिक्षालय स्थापना भएपछि छुटाइएको जम्मा छात्रवृत्ति कोटाको ५०% कोटा प्राविधिक धार तर्फ कायम गरी बाँकी ५०% कोटालाई अरु विषयहरुमा वितरण गर्ने व्यवस्था मिलाइने छ ।

**५. छात्रवृत्ति प्राप्त गर्न आवश्यक योग्यता :**

यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गर्न देहाय बमोजिमका योग्यता आवश्यक पर्नेछ ।

क) धार्चे गाउँपालिकामा स्थायी बसोबास भएको ।
ख) नेपाली नागरिक ।
ग) सामुदायिक विद्यालयमा अध्ययन गरी एस.इ.इ. उत्तीर्ण गरेको ।
घ) अघिल्लो वर्ष छात्रवृत्ति प्राप्त नगरेको ।
ङ) जेहेन्दार तथा विपन्न परिवारको नागरिक ।
च) फौजदारी अभियोगमा कसुरदार नठहरिएको ।
छ) प्रतिबद्दता पत्रका शर्तमा लिखित सहमति जनाएको ।

**६. छात्रवृत्ति छनौट तथा सिफारिस समिति :**

छात्रवृत्ति प्रदान गर्ने प्रयोजनको लागि विद्यार्थी छनौट गरी गाउँ कार्यपालिका कार्यालयलाई सिफारिस गर्न देहाय बमोजिमको छात्रवृत्ति छनौट तथा सिफारिस समिति रहनेछ ।

क) गाउँपालिका अध्यक्ष – संयोजक

ख) गाउँपालिका उपाध्यक्ष – सदस्य

ग) गाउँपालिकाको शिक्षा हेर्ने विषयगत समितिका संयोजक - सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

ङ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

**७. छात्रवृत्ति छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार :**

क) छात्रवृत्ति छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

१) छात्रवृत्ति वितरणको लागि सूचना प्रकाशन गर्ने ।

२) आवदेक मध्येबाट छात्रवृत्ति प्रदान गरिने विद्यार्थी छनौट गर्ने ।

३) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नाम गाउँ कार्यपालिका कार्यालयमा सिफारिस गरी पठाउने ।

४) अध्यक्ष स्तरको निर्णय भई प्रदान गरिने छात्रवृत्तिमा सो बमोजिम गर्ने गराउने ।

ख) समितिले विद्यार्थी छनौटको मापदण्ड निर्माण गरेर सोही आधारमा विद्यार्थी छनौट गर्न सक्नेछ ।

ग) समितिले आफूलाई तोकिएको काम कर्तव्य र अधिकार मध्ये केही वा सबै काम कर्तव्य र अधिकार गर्न सहमतिमा कुनै सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**८. छात्रवृत्तिको लागि सूचना प्रकाशन गर्नुपर्ने :**

यस कार्यविधि अन्तर्गत प्रदान गरिने छात्रवृत्ति वितरणको लागि आवेदन म्याद कम्तीमा १५ दिन राखेर सार्वजनिक सूचना गर्नुपर्नेछ ।

**९. छात्रवृत्ति प्राप्त गर्न संलग्न गर्नुपर्ने कागजातहरु :**

छात्रवृत्ति लिन ईच्छुक विद्यार्थीले देहाय बमोजिमका कागजातको प्रतिलिपी सूचनामा तोकिएको मितिभित्र गाउँपालिकामा बुझाउनुपर्ने छ ।

क) अनुसूची १ बमोजिमको ढाँचामा निवेदन ।

ख) एस.इ.इ. उत्तीर्ण प्रमाणपत्र ।

ग) शिक्षण संस्थामा भर्ना भएको प्रमाणपत्र ।

घ) शिक्षा संकायको हकमा स्नातक प्रथम वर्ष र दोस्रो वर्ष वा सो भन्दा माथिल्लो वर्षहरुको भर्ना रसिद ।

ङ) नियमित हाजिरी वा अध्ययन गरिरहेको भनी शिक्षण संस्थाले प्रमाणित गरेको कागजात ।

च) शिक्षा संकायको अध्ययनरत विद्यार्थी हकमा अध्ययनरत तहभन्दा एक तह मुनिको शैक्षिक योग्यताका प्रमाणपत्रहरु ।

छ) अपाङ्ग भए अपाङ्गताको प्रमाणपत्र ।

ज) द्वन्द्व पिडित तथा शहिद परिवारको विद्यार्थी भए आधिकारिक निकायले जारी गरेको प्रमाणपत्र ।

झ) न्यून आय भएको परिवार भए सम्बन्धित वडाको सिफारिस ।

**१०. छात्रवृत्ति कोष स्थापना गर्न सकिने :**

क) छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले गाउँ कार्यपालिका कार्यालयको मातहतमा रहने गरी छुट्टै छात्रवृत्ति कोषको स्थापना गरी सञ्चालन गर्न सकिनेछ ।

ख) कोषको सञ्चालनको लागि गाउँपालिकाको संचित कोष खाता सञ्चालन हुने वित्तीय संस्थामा एउटा छुट्टै खाता हुनेछ ।

ग) कोषको आर्थिक कारोबार गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

यस दफामा भएको व्यवस्था अनुसारको कोष स्थापना भई नसकेको अवस्थामा गाउँपालिकाको सम्बन्धित खर्च शिर्षकको खाता बाट सोझै भुक्तानी गर्न बाधा पर्ने छैन।

**११. कोषको आम्दानी :**

छात्रवृत्ति कोषमा देहाय बमोजिमका रकमहरु जम्मा गर्न सकिनेछ ।

क) गाउँपालिकाले वार्षिक बजेट मार्फत छात्रवृत्ति कोषमा विनियोजन गरेको बजेटबाट प्राप्त रकम।

ख) अध्यक्ष स्तरको निर्णय अन्तर्गतको स्रोतबाट प्राप्त हुने रकम ।

ग) सरकारी गैर सरकारी संघसंस्था तथा अन्य दाताले लिखित घोषणा गरी कानुन बमोजिम प्रदान गर्ने रकम ।

घ) कुनै पनि विदेशी नागरिक वा नेपाली नागरिकले लिखित घोषणा गरी कानुन बमोजिम स्वेच्छिक रुपमा प्रदान गर्ने रकम ।

ङ) कोषका लागि अभियानबाट प्राप्त हुने रकम ।

च) अन्य स्रोतबाट कानुन बमोजिम प्राप्त हुने रकम ।

**१२. कोषको लेखा र लेखापरीक्षण :**

क) छात्रवृत्ति कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राख्नु पर्नेछ ।

ख) कोषको आन्तरिक लेखा परीक्षण तथा अन्तिम लेखा परीक्षण सरकारी आर्थिक कारोबारको लेखापरीक्षण गर्ने विधिबाट गर्नुपर्नेछ ।

**१३. बैंक खातामा रकम जम्मा गरिने :**

यस कार्यविधी अन्तर्गत प्रदान गरिने रकम छात्रवृत्ति प्राप्त गर्ने सम्बन्धित विद्यार्थीको नाममा खोलिएको बैंक खातामा जम्मा गरिनेछ ।

**१४. रकम अन्य प्रयोजनमा खर्च गर्न नहुने :**

यस कार्यविधि मार्फत प्रदान गरिएको छात्रवृत्ति बापतको रकम प्राप्त गर्ने विद्यार्थीले शैक्षिक संस्थामा लाग्ने शुल्क तिर्ने प्रयोजनमा मात्र खर्च गर्नुपर्नेछ । अन्य प्रयोजनमा खर्च गरेको पाइएमा छात्रवृत्ति सम्झौता रद्द गरी प्रदान गरिसकिएको रकम फिर्ता गर्न लगाइने छ । यदि रकम फिर्ता नगरेमा सरकारी बाँकी सो सरह असुलउपर गरिनेछ ।

**१५. स्वयम् सेवामा लगाउन सकिने :**

छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीलाई साधारण निर्वाह भत्ता दिएर गाउँपालिकाले तोकेको स्थानमा गाउँपालिकाको सेवाको क्षेत्रमा निश्चित समयको लागि अध्ययन विषयसँगको सम्बन्धित क्षेत्रमा निश्चित समयको लागि काम गर्न लगाउन सकिनेछ ।

**१६. प्रचलित कानुन लागू हुने :**

यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानुनसँग बाझिएमा प्रचलित कानुनको व्यवस्था लागू हुनेछ ।

**१७. विविध/बचाउ :**

क) यस कार्यविधी जारी हुनुभन्दा अगाडि छात्रवृत्ति वितरण सम्बन्धमा भए गरेका सम्पूर्ण काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

ख) यो कार्यविधिको संशोधन वा कुनै दफा खारेजी गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

अनुसूची १
छात्रवृत्तिका लागि दिइने निवेदनको ढाँचा

हाल साले खिचिए को **PP** साइजको फोटो

मितिः..............................

विषयः **छात्रवृत्ति सम्बन्धमा ।**

श्रीमान् अध्यक्ष ज्यू,
धार्चे गाउँपालिका, माछीखोला, गोरखा ।
महोदय,

उपरोक्त सम्बन्धमा हाल म ........................................................................................विद्यालय/क्याम्पसमा ...............................................................................विषयको प्रवेश परीक्षा उत्तीर्ण गरी अध्ययनरत रहेकोमा मेरो आर्थिक अवस्था निम्न भएकोले मेरो पढाइमा निरन्तरताको लागि गाउँपालिकाबाट उपलब्ध हुने प्राविधिक शिक्षा तर्फको छात्रवृत्ति उपलब्ध गराइदिनुहुन अनुरोध छ । यदि मलाई छात्रवृत्ति प्रदान गरिएमा मैले अध्ययन गरिराखेको विषय उत्तीर्ण गरेपछि गाउँपालिकाको शर्तअनुसारको स्थानमा सेवा गर्न समेत मन्जुर हुनेछु ।

निवेदकको

दस्तखत :
नाम :
ठेगाना:
मिति :
सम्पर्क नं.: